# स्थानीय राजपत्र

खण्डः २ | संख्याः ३४ | प्रकाशित मितिः २०८१/०२/३१

भाग-२

तुम्बेवा गाउँपालिका पाँचथरद्धारा प्रकाशित

# तुम्बेवा गाउँपालिका पाँचथरको स्थायी कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि,२०८१

**गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०८१/०१/१८**

# तुम्बेवा गाउँपालिका पाँचथरको स्थायी कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि,२०८१

## तुम्बेवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## मौवा, पाँचथर
### कोशी प्रदेश,नेपाल

# तुम्बेवा गाउँपालिका पाँचथरको स्थायी कर्मचारीहरुको तहवृद्धि सम्बन्धी कार्यविधि

**<u>प्रस्तावना:</u>** कोशी प्रदेश सभाबाट मिति २०८०/०९/२२ गते जारी भएको स्थानीय सेवा गठन तथा सञ्चालन ऐन,२०८० मा भएको तहवृद्धि सम्बन्धी विविध व्यवस्था अनुसार तुम्बेवा गाउँ कार्यपालिकाको कार्यालय तथा गाउँपालिका मातहतका निकायमा कार्यरत स्थायी कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यलाई व्यवस्थित र पारदर्शी ढंगले कार्यान्वयन गर्न वाञ्छनीय भएकाले कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन,२०८० को दफा १५१ ले दिएको अधिकार प्रयोग गरी तुम्बेवा गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u>**(१) यस कार्यविधिको नाम तुम्बेवा गाउँपालिकाको तह वृद्धि सम्बन्धी कार्यविधि,२०८१ रहेको छ।

(२) यो कार्यविधि गाउँपालिकाको राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ।

**२. <u>परिभाषा:</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "ऐन" भन्नाले कोशी प्रदेशको स्थानीय सरकारी सेवा(गठन तथा सञ्चालन) ऐन,२०८० सम्झनु पर्छ।

(ख) "कर्मचारी" भन्नाले तुम्बेवा गाउँपालिकामा स्थानीय सरकारी सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारी सम्झनुपर्छ र सो शब्दले कर्मचारी समायोजन ऐन,२०७५ बमोजिम यस गाउँपालिकामा समायोजन भएका कर्मचारीलाई समेत जनाउँछ।

(ग) "गाउँपालिका" भन्नाले तुम्बेवा गाउँपालिका सम्झनु पर्छ।

(घ) "गाउँ कार्यपालिका" भन्नाले तुम्बेवा गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ङ) "प्रदेश लोक सेवा आयोग" भन्नाले कोशी प्रदेशको प्रदेश लोक सेवा आयोग सम्झनु पर्छ।

(च) "परामर्श" भन्नाले तहवृद्धिका सम्बन्धमा प्रदेश लोक सेवा आयोगबाट लिइने परामर्श सम्झनु पर्छ।

(छ) "तहवृद्धि" भन्नाले ऐनको दफा २७ बमोजिम गरिने नियमित तहवृद्धिलाई सम्झनु पर्छ।

(ज) "तह मिलान" भन्नाले ऐनको दफा ८ को उपदफा(१७) बमोजिम गरिएको तह मिलान सम्झनुपर्छ।

(झ) "प्रदेश किताबखाना"भन्नाले प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका कर्मचारीको अभिलेख राख्ने प्रयोजनका लागि गठित कोशी प्रदेश किताबखाना सम्झनु पर्छ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले तुम्बेवा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(ट) "मन्त्रालय" भन्नाले कोशी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सम्झनु पर्छ।

(ठ) "समायोजन ऐन" भन्नाले कर्मचारी समायोजन ऐन,२०७५ सम्झनु पर्छ।

(ड) "समिति" भन्नाले कार्यविधिको दफा ७ (१) बमोजिमको समिति सम्झनुपर्छ।

३. **<u>सूचना प्रकाशन गर्ने:</u>** तह वृद्धिको प्रयोजनका लागि लागि प्रत्येक वर्षको मंसिर १५ गते र जेठ १५ गते तह वृद्धिका लागि निवेदन माग गर्न गाउँपालिकाको वेभसाइटमा सूचना प्रकाशन गरिनेछ।

४. **<u>एक पटकका लागि तह वृद्धि तथा स्वत बढुवा सम्बन्धी व्यवस्था:</u>** (१) ऐनको दफा ४ को उपदफा (५) बमोजिमको योग्यता पुगेका कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले एक पटकका लागि लागि स्वतःएक तह वृद्धि गरिदिनेछ। निजहरु जुनसुकै व्यहोराले अवकाश भएमा सो पद स्वतः खारेज भई तल्लो तहको पदमा पदपूर्ति गरिनेछ।

(२) ऐनको दफा ८ को उपदफा (१२) बमोजिम ऐन प्रारम्भ भएपछि सहायक चौथो तहका सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारीलाई पाँचौं तहको कम्प्युटर अपरेटर पदमा स्वतःबढुवा गरिनेछ।

(३) ऐनको दफा ८ को उपदफा (१६) बमोजिम साबिक स्थानीय निकायको स्वीकृत दरबन्दीमा अधिकृत छैटौं र आठौं तहको पदमा स्थायी नियुक्ति भई स्थानीय तहको सोही तहको पदमा कामकाज गरिरहेका र निजामती सेवा बाहेकबाट समायोजन भई आएका र एक पटक पनि तह वृद्धि सुविधा नपाएका कर्मचारीलाई माथिल्लो तहका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा कार्यविधिको दफा ७ को उपदफा(१) बमोजिमको समितिको सिफारिसको आधारमा प्रमुख प्रशासकीय अधिकृत वा कार्यपालिकाले तोकेको कुनै अधिकृत कर्मचारीले एक पटकका लागि स्थानीय सरकारी सेवाको क्रमशःअधिकृत सातौं र नवौं तहमा बढुवा गरिनेछ। यसरी बढुवा हुँदा माथिल्लो तहको पद स्वतः सिर्जना भई तल्लो दरबन्दी खारेज हुनेछ।

५. **<u>तह मिलान सम्बन्धी व्यवस्था:</u>** (१)लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भई नियुक्त भएका कर्मचारीलाई ऐनको दफा ८ को उपदफा(१७) तथा कार्यपालिकाको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले सातौं तहमा तह मिलान गरिदिनेछ।

(२) उपदफा (१) बमोजिम तह मिलान भएका कर्मचारीको जेष्ठता ऐनको दफा २६ को उपदफा (३) बमोजिम गणना गरिनेछ।

६. **<u>निवेदन दिनु पर्ने:</u>** (१) गाउँपालिकाको वेभसाइटमा तह वृद्धिको सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र तह वृद्धिका लागि योग्यता पुगेका कर्मचारीले गाउँ कार्यपालिका अन्तर्गतको प्रशासन शाखामा तह वृद्धिका लागि निवेदन दिनु पर्नेछ।

(२) तह वृद्धिका लागि निवेदन दिँदा कर्मचारीले निवेदनका साथमा देहायका कागजातहरु समेत पेश गर्नु पर्नेछः-

(क) पछिल्लो तीन वर्षमा कार्यसम्पादन मूल्याङ्कन फाराम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सक्कल निवेदन,

(ख) सेवा अवधि पुष्टि गर्ने नियुक्ति/बढुवा नियुक्तिको प्रतिलिपि,

(ग) स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि,

(घ) विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र,

(ङ) पेशा सम्बन्धी व्यवसायी परिषदले उपलब्ध गराएको प्रमाणपत्रको प्रतिलिपि

(आवश्यक हुनेको हकमा मात्र),

(च) कार्यविधिको दफा ७ को उपदफा (१) बमोजिमको तह वृद्धि सिफारिस समितिले मागेका अन्य कागजातहरु,

७. **<u>तह वृद्धि सिफारिस समितिः</u>** (१) कार्यविधिको दफा ६ को उपदफा (१) बमोजिम निवेदन दिएका कर्मचारीको तह वृद्धिका लागि सिफारिस गर्न गाउँपालिकामा देहाय बमोजिम को तह वृद्धि सिफारिस समिति रहनेछः-

(क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

(ख) कार्यपालिकाले तोकेको एक जना वरिष्ठतम महिला कर्मचारी- सदस्य

(ग) कर्मचारी प्रशासन शाखा/महाशाखा प्रमुख- सदस्य सचिव

(२) कर्मचारीको नियमित तहवृद्धि गर्ने प्रयोजनका लागि समितिको बैठक तह वृद्धिको लागि निवेदन माग गर्ने सूचना वेभसाइटमा प्रकाशन भएपछि अनिवार्य रुपमा तथा आर्थिक वर्षभित्र तह वृद्धि सम्बन्धी कुनै निर्णय या छलफल गर्नुपरेमा या प्रदेश लोक सेवा आयोगसँग परामर्श माग गर्नुपरेको खण्डमा आवश्यकता अनुसार बस्नेछ।

(३) समितिलाई तह वृद्धि सम्बन्धी कुनै विषयमा दुविधा उत्पन्न भएमा ऐनको दफा ३८ बमोजिमको बढुवा समितिसँग परामर्श लिन सक्नेछ।

८. **<u>आवश्यक न्यूनतम योग्यता तथा सेवा अवधिः</u>** (१) स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीको पाँचौं तहबाट छैटौं तह, सातौं तहबाट आठौं तह, र नवौं तहबाट दशौं तहमा तहवृद्धि गर्दा तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा ५ वर्षको सेवा अवधि पुरा भएको र पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्यांकनमा औसत नब्बे प्रतिशत अंक प्राप्त गरेका कर्मचारीलाई सम्बन्धित सेवा,समूह वा उपसमूहमा तह वृद्धि गरिनेछ।

(२) उपदफा (१) बमोजिम तहवृद्धि गर्दा थप शैक्षिक योग्यताको आवश्यकता पर्ने छैन।तर समायोजनका बखत तोकिएको अवधि नपुगी तह वृद्धि नभएका कर्मचारीहरुलाई एकपटकका लागि सेवा प्रवेशका लागि तोकिएको योग्यता भए पुग्नेछ।

(३) तह वृद्धि हुँदा त्यस्तो पद स्वतः माथिल्लो तहको पदमा कायम हुनेछ र त्यसरी तह वृद्धि भएको कर्मचारी जुनसुकै कारणले सो पदमा नरहेमा त्यस्तो पद साबिककै तहमा कायम हुनेछ।

(४) उपदफा (१) बमोजिम तह वृद्धि गर्दा सम्बन्धित कर्मचारीलाई खाईपाई आएको तलब भन्दा घटी हुने भएमा खाईपाई आएको तलब भन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ।

९. **<u>तह वृद्धि सम्बन्धी विशेष व्यवस्थाः</u>** (१) कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर यस गाउँपालिकामा दरबन्दी भएका कर्मचारीको तह वृद्धि यसै गाउँपालिकाबाट हुनेछ।

(२) कोशी प्रदेश भित्रकै अन्य स्थानीय तहबाट यस गाउँपालिकामा खटिएका कर्मचारीको हकमा दरबन्दी/ पदाधिकार रहेकै कार्यालयबाट तह वृद्धि हुनेछ।

१०. **<u>जेष्ठता सम्बन्धी व्यवस्थाः</u>** तह वृद्धि भएका कर्मचारीको जेष्ठता गणना गर्दा ऐनको दफा २६ बमोजिम गरिनेछ।

**११. <u>बाधा अड्काउ फुकाउनेः</u>** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा तथा सिफारिस समितिलाई तह वृद्धि सिफारिस सम्बन्धमा निर्णय लिन कुनै दुविधा उत्पन्न भएमा सो सम्बन्धमा ऐनको दफा ३८ बमोजिमको बढुवा समितिको निर्णय बमोजिम हुनेछ।

१२. **<u>तह वृद्धि गर्न नहुनेः</u>** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा दफा ७ को उपदफा (१) बमोजिमको सिफारिस समितिले कर्मचारीलाई तह वृद्धिको लागि सिफारिस गर्ने छैनः-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) तह वृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि वा बढुवा रोक्का भएको अवधिभर,

(ग) तलब वृद्धि रोक्का भएकोमा तलब वृद्धि रोक्का भएको अवधिभर,

(घ) ऐनको दफा ४१ बमोजिम सेवा वा समूह परिवर्तन गरेको कर्मचारी भए त्यसरी सेवा वा समूह परिवर्तन भएको मितिले तीन वर्षको अवधिभर,

(ङ) असाधारण बिदा वा अध्ययन बिदामा बसेकोमा सो बिदाको अवधिभर,

(च) स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक परिषदमा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बन अवधिभर।

**१३. <u>तह वृद्धि गर्नु पर्नेः</u>** (१) ऐन तथा यस कार्यविधि बमोजिम तह वृद्धिका लागि निवेदन दिएका कर्मचारीहरुको तह वृद्धिका लागि दफा ७ को उपदफा(१) बमोजिमको सिफारिस समितिले दरखास्त दिने म्याद सकिएको ७ दिनभित्र सिफारिस गरि सक्नु पर्नेछ।

(२) समितिको सिफारिस प्राप्त भएको मितिले ७ दिन भित्र कार्यविधिको दफा (८) को उपदफा (१) तथा ऐनमा गरिएको विशेष व्यवस्था बमोजिम गाउँ कार्यपालिकाले तह वृद्धिको निर्णय गर्नुपर्नेछ।प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिकाले गरेको तह वृद्धिको निर्णय कार्यान्वयन गर्नु पर्नेछ।प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धि भएका कर्मचारीलाई बढीमा ३ दिन भित्रमा तह वृद्धिको पत्र उपलब्ध गराउनु पर्नेछ।

**स्पष्टीकरणः**"ऐनमा गरिएको विशेष व्यवस्था भन्नाले एक पटकका लागि गरिने तह वृद्धि,स्वतःबढुवा र तह मिलान सम्झनुपर्छ।"

**१४. <u>सार्वजनिक गर्नेः</u>** गाउँपालिकाले तह वृद्धि भएका कर्मचारीहरुको विवरण सम्भव भएसम्म तह वृद्धि भएकै दिन अथवा सो दिनको भोलिपल्ट गाउँपालिकाको सूचना पाटी तथा वेभसाइटमा अनिवार्य राख्ने व्यवस्था गर्नेछ।

**१५. <u>सचिवालयः</u>** तह वृद्धि सम्बन्धी कार्य गर्नका लागि गाउँपालिकाको प्रशासन शाखाले तह वृद्धि सिफारिस समितिको सचिवालयको कार्य गर्नेछ।

**१६. <u>जानकारी दिनु पर्नेः</u>** यस कार्यविधि बमोजिम भएको तह वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिनभित्र मन्त्रालय,प्रदेश किताबखाना र प्रदेश लोक सेवा आयोगलाई अनिवार्य रुपमा दिनु पर्नेछ।

**१७. <u>उजुरी/ गुनासो सम्बन्धी व्यवस्थाः</u>** तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा कर्मचारीले तह वृद्धिको अन्तिम निर्णय सम्बन्धी सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सक्नेछ।

**१८. <u>प्रचलित कानून बमोजिम हुनेः</u>** यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम हुनेछ र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**१९. <u>खारेजी तथा बचाउः</u>** (१) देहायको कार्यविधि खारेज गरिएको छः-

(क) तुम्बेवा गाउँपालिका पाँचथरको कर्मचारी तह वृद्धि/मिलान सम्बन्धी कार्यविधि,२०८०

(२) उपदफा (१) मा उल्लिखित कार्यविधि बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

**अनुसूचि-१**

तुम्बेवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मौवा,पाँचथर
कोशी प्रदेश,नेपाल

पत्र संख्याः मितिः-
च.नं.:-

विषयः **स्थायी नियुक्ति।**

महाशय,

प्रदेश लोक सेवा आयोगको विज्ञापन नं.....(खुला/समावेशी) च.नं. मिति २०../../.. को सिफारिस पत्रानुसार स्थानीय सेवा(गठन तथा सञ्चालन) ऐन,२०८० को दफा ११ बमोजिम तपाईंलाई यस कार्यालयको मिति २०../../.. को निर्णयानुसार मिति .... देखि ज्येष्ठता कायम हुने र ( पहिलो पटक नियुक्ति हुनेको हकमाः (पुरुषलाई) एक वर्ष/ (महिलालाई) छ महिना परीक्षण काल रहने गरी स्थानीय.......... सेवा........समूह....... उपसमूह ...... तह ....... पदमा स्थायी नियुक्ति गरिएको छ।

आफ्नो सेवाकालमा सदैव नेपाल, नेपाली जनता र स्थानीय तहप्रति प्रतिबद्ध रही अनुशासित मर्यादित, निष्पक्ष, इमानदार र उत्तरदायी भई प्रचलित कानून बमोजिम आफ्नो पदीय जिम्मेवारी सम्पादन गर्नुहुनेछ भन्ने विश्वास कार्यालयले तपाईंसँग राखेको छ।

........... तहको ........ पदमा स्थायी नियुक्त हुनुभएकोमा हार्दिक बधाई छ।

..........................
(.........................)
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

**<u>अनुसूचि-२</u>**

तुम्बेवा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मौवा,पाँचथर

कोशी प्रदेश, नेपाल

**<u>(तह वृद्धि आवेदन फाराम)</u>**

**( न्यूनतम सेवा अवधि र कार्यसम्पादन मूल्याङ्कनको आधारमा हुने तह वृद्धिको लागि)**

**१. सूचनाको विवरण**

| | |
|---|---|
| तह वृद्धिको सूचना नम्बरः- | तह वृद्धि हुने तहः- |
| सेवाः- | समूहः- |
| उपसमूहः- | पदः- |

**२. उम्मेदवारको विवरणः**

| | |
|---|---|
| उम्मेदवारको नाम,थर (नेपालीमा):- | |
| उम्मेदवारको नाम,थर (अंग्रेजीमा):- | |
| ठेगानाः- | बहाल रहेको कार्यालयः- |
| बाबुको नाम,थरः- | पद/तहः |
| आमाको नाम,थरः- | सेवाः- |
| बाजेको नाम,थरः- | समूंह/उपसमूहः- |
| पति/पत्नीको नाम,थरः- | कर्मचारी संकेत नम्बरः- |
| नागरिकता नम्बर/जिल्लाः- | पान नम्बरः- |
| राष्ट्रिय परिचय नं.:- | |

**३. सेवाको विवरण(सुरुदेखि हालसम्मको)**

**४. हालको तहमा वा समायोजन हुनुभन्दा पहिलेको समान तहको पदमा तहवृद्धिको लागि**

| क्र.सं. | पदको नाम,श्रेणी/तह, सेवा, समूह, उपसमूह | कार्यालयको नाम | नियुक्ति वा बढुवाको मिति | बहाल रहेको मिति | | असाधारण बिदा बसेको भए सो को अवधि | | खुला/ बढुवा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**आवेदन दिन पाउने अन्तिम मितिमा पुग्ने सेवा अवधिः- ........वर्ष..... महिना .... दिन।**

**५. स्थानीय सेवा(गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ३० अनुसार तह वृद्धिको लागि योग्य भएको/ नभएको अवस्थाः-**(उपयुक्त बक्समा चिह्न लगाउनुहोस)

क) तपाईं हाल निलम्बनको अवधिमा रहनुभएको छ ☐ / छैन ☐ ।

ख) तपाईं हाल तह वृद्धि वा बढुवा रोक्का भएको अवधिमा हुनुहुन्छ? छ ☐ /छैन ☐ ।

ग) तपाईंको हाल तलब वृद्धि रोक्का भएको छ ☐ / छैन ☐ ।

घ) नियमानुसार तपाईंले सेवा / समूह परिवर्तन गर्नुभएको छ ☐ / छैन ☐ ।यदि छ भने सेवा परिवर्तन गरेको तीन वर्ष पुगेको छ ☐ / छैन ☐ ।

ङ) तपाईं हाल असाधारण/ अध्ययन बिदामा बस्नुभएको छ ☐ / छैन ☐ ।

च) पेशासँग सम्बन्धित व्यवसायी परिषदले हाल तपाईंलाई निलम्बन गरेको छ ☐ /छैन ☐।

आज्ञाले,
केशव कुमार थापा
नि.प्रमुख प्रशासकीय अधिकृत